**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

**मितिः १७ मई २०२४**

**समयः १८:५० – १९:०० बजे**

**प्रमुख समाचार**

१. पश्चिम बंगालमा जुन ४ मा मतगणना केन्द्र र वरपर तीन तहको सुरक्षा व्यवस्था हुने मुख्य निर्वाचन अधिकारी कार्यलयको स्रोतले बताएको छ

२.चुनाउ आयोगले पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनार्जीविरूद्ध कथित रूपमा आपत्तिजनक टिप्पणी गरेकोमा भाजपाका उम्मेदवार अभिजित गंगोपाध्यायलाई कारण देखाउ नोटिस पठाएको छ।

3- प्रवर्तन निदेशालय (ईडी)- ले सन्देशखाली मामिलाका अभियुक्त शेख शाहजहाँको लगभग १४ करोड़ रुपियाँको सम्पत्ति जफत गरेको छ।

4- मालदा जिल्लामा चटयांग लागेर 11 जनाको मृत्यु भएको छ, मृत्यु हुनेहरूमा तिन जना नाबालिक र दुईजना युवक रहेको जिल्ला प्रशासनले जानेको छ ९

5- तीनधारे कन्या उच्चत्तर माध्यमिक विद्यालयको सिलिङ झरेर एकजना शिक्षिका घाइते भएको विषयलाई लिएर आज स्कूल सञ्चालन समितिको आपतकालीन सभा गर्दै एक सप्ताहको लागि विद्यालय बन्द राखेर अनलाइन पढाई गराउने निर्णय लिएको छ।

**मतगणना सुरक्षा व्यवस्था**

पश्चिम बंगालमा जुन ४ मा मतगणना केन्द्र र वरपर तीन तहको सुरक्षा व्यवस्था हुनेछ। पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी (सीईओ) को कार्यालयका स्रोतले बताए अनुससार मतगणना केन्द्रहरूमा सुरक्षाको आन्तरिक स्तर केन्द्रीय सशस्त्र पुलिस बलका कर्मचारीहरूले मात्र सम्हाल्नेछन् र प्रत्येक केन्द्रमा ब्ब्ब्ब् को एक कम्पनी तैनाथ गरिनेछ। । दोस्रो र तेस्रो तहको सुरक्षा तहको व्यवस्थापन राज्य पुलिस बलहरूले गर्नेछ जसमा सशस्त्र बलका कर्मचारीहरू पनि समावेश हुनेछन्। यसबाहेक दुई सय मिटरको दायराभित्र धारा 144 लागू गरिनेछ।

****** ० ******

**हावड़ा धम्की पोस्टर**

हावडा जिल्लाको मनसतला क्षेत्रमा शुक्रबार मुख्यमन्त्री ममता ब्यानर्जी र तृणमूल महासचिव अभिषेक ब्यानर्जीलाई मार्ने धम्की दिने पोस्टर टाँसिएको जानकारी प्राप्त भएको छ। आगामी 20 मईमा उलुबेरिया लोकसभा निर्वाचन क्षेत्रमा मतदान हुनु अघि यस्ता पोस्टरहरू प्राप्त भएपछि क्षेत्रमा सनसनी फैलिएको छ। सुत्र अनुसार शुक्रबार बिहान राष्ट्रिय राजमार्ग नम्बर 16 मा रहेको उलुबेरियाको मनसतला क्षेत्रमा स्थानीयहरूले मुख्यमन्त्री र अभिषेकको नाममा धम्कीपूर्ण पोस्टर देखेका थिए। यो पोस्टर सेतो कागजमा हरियो मसीले लेखिएको छ। यसमा लेखिएको छए श्मुख्यमन्त्री ममता बनर्जी र अभिषेकलाई कारले कुचेलेर मार्नेछु।श यस घटनाको पछाडि कसको हात छ भन्ने विषयमा पुलिसले अनुसन्धान गरिरहेको छ ९ तृणमूल नेतृत्वले यस घटनाको पछाडि भाजपाको हात रहेको आरोप लगाएको छ। यताए भाजपाले भने आरोपको खण्डन गरेको छ। पुलिस सुत्र अनुसार रातको अँध्यारोमा कसैले यो घटना गरेको हो। पुलिसले घटनास्थल पुगेर पोस्टर हटाएको छ।

****** ० ******

**उच्च न्यायलय नोटिस**

चुनाउ आयोगले पश्चिम बंगालकी मुख्यमन्त्री ममता ब्यनार्जीविरूद्ध कथित रूपमा आपत्तिजनक टिप्पणी गरेकोमा भाजपाका तमलुक लोकसभा सिटका उम्मेदवार एव कोलकत्ता उच्च न्यायलयका पूर्व न्यायाधीश अभिजित गंगोपाध्यायलाई कारण देखाउ नोटिस पठाएको छ। आयोगले आफ्नो पत्रमा अभिजित गंगोपाध्यायलाई 20 मई साँझ ५ बजेसम्म जवाफ मागेको छ। आयोगले आफ्नो पत्रमा ममता ब्यानर्जीको बारेमा गंगोपाध्यायको टिप्पणी अपमानजनक र निम्न स्तरको भएको र यसले ड्ड्ड आचार संहिताको उल्लङ्घन गरेको टिप्पणी गरेको छ। अभिजित गंगोपाध्यायले यसै साता बुधबार चुनाव सम्बन्धी जनसभामा यस्तो टिप्पणी गरेका हुन्। तृणमूल कांग्रेसले हिज आयोगमा यसबारे गुनासो पनि गरेको थियो।

****** ० ******

**ईडी- शाहजाह सम्पति**

प्रवर्तन निदेशालय (ईडी)- ले सन्देशखाली मामिलाका अभियुक्त शेख शाहजहाँको लगभग १४ करोड़ रुपियाँको सम्पत्ति जफत गरेको छ। यसमा जमीन र ब्यांकमा जम्मा सामेल छ। सूत्र अनुसार शाहजहाँको परिवारको सम्पत्तिहरू पनि जफत गरिएको छ। यो भन्दा अघि पनि यसै मामिलामा लगभग १२०५ करोड़ रुपियाँको सम्पत्ति जफत गरिएको थियो। शाहजहाँ बाहेक उनका भाइ आलमगीर शेखको पनि सम्पत्ति ज़फत गरिएको छ।

****** ० ******

**मालदा- ११ मरे**

मालदा जिल्लामा चटयांगले गर्दा ११ जनको मृत्यु भएको छ। मर्नेहरूमा तीनजनानाबालिक र दुई जना युवक रहेको जिल्ला प्रशासनले जनाकऐ छ। जिल्ला पुलिस स्रोतले जनाए अनुसार वर्षा र आँधी चल्दै गर्दा यी मानिसहरू आँप टिप्न बगैचामा गएका थिए। आँप टिप्दै गर्दा एउटा रूखमाथि चटयांग खस्दा यी मानिसहरू चपेटमा परेका जिल्लाशासक नितिन सिंधानियाले जनाएका छन्। उहाँले चटयांगमा परी ज्यान गुमाउने प्रत्येकको निकट आफन्तलाई दुई-दुई लाख रूपियाँ दिइने घोषणा गर्नुभ्इएको छ। स्मरण रहोस भारतमा नै मालदा आँपको उपजका लागि प्रख्यात छ। मालदाको लंगड़ा आँप विश्व प्रसि; छं मालदामा आँपका सैकड़ौ बगानहरू छन्। यस वर्षायाममा मानिसहरूले विशेष ध्यान राख्नुपर्छ कारण चटयांग लागेर मर्नेहरूको घटना मालदा वरिपरि प्रायः देखा पर्छ भनी जिल्ला शासकले बताएका छन्।

****** ० ******

**खरसांग तिनधारे अपडेट**

खरसाङ महकुमा अन्तर्गत तीनधारे कन्या उच्चत्तर माध्यमिक विद्यालयको सिलिङ झरेर एकजना शिक्षिका घाइते भएको विषयलाई लिएर आज स्कूल सञ्चालन समितिको आपतकालीन सभा सम्पन्न गर्दै एक सप्ताहको लागि विद्यालय बन्द राखेर अनलाइन पढाई गराउने निर्णय लिएको छ। उक्त सभा विद्यालय सञ्चालन समितिका समिति, पदाधिकारीहरू र स्कूलकी प्रधान अध्यापिका र शिक्षिकाहरूका उपस्थितिमा सम्पन्न भएको थियो। सभामा अभिभावकहरूलाई पनि बोलाएर सभा गरी सामुहिक रूपमा हस्ताक्षर गरेर विद्यालयको नयाँ भवन निर्माणको लागि सम्बन्धित विभागमा बुझाउने निर्णय गरिएको छ।

****** ० ******

**घुम जोरबङ्लो महाविद्यालय**

घुम जोरबङ्लो महाविद्यालयको राजनीति शास्त्र विभागको आयोजनामा युवा संसद कार्यक्रम आयोजना गरियो। युवा संसद कार्यक्रममा नेशनल एजुकेसन पोलेसीए अग्नि वीरए ड्रग्स रोकथामए मिनिमम वेजेस जस्ता विषयहरूलाई प्रकाश पार्दै जानकारी मूलक कार्यक्रम प्रस्तुत गरियो।

****** ० ******

**साकेला पर्व**

आगामी २६ मे को दिन दार्जीलिङकोचौरस्तामा भव्य रूपमा ' खम्बू साकेला डँभोली उत्सव' २०२४ पाल गनिरेछ। किरात खम्बू राई सांस्कृतक स्ंस्थानले आयोजित गर्ने यस उभौली उत्सवमा सिक्किममा मुख्य मंत्री प्रेम सिंह तामंगलाई मुख्य अतिथिको रूपमा निम्ताईएको तथा मुख्यमंत्रीले निमंत्रणलाई स्वीकार गरी आउँने निधो गर्नुभएको जानकारी पनि संस्थानले गराएको छ। साकेला प्रकृति पूजाको पर्व हो। यस पर्वमा प्रकृतिले दिएका अन्नवाली -'फलफूल र अन्य वस्तुहरू प्रति श्रदा जनाउँदै जनमानसमा सुख-शान्ति र समृद्धिको कामना गर्दै दिनभरी नै परम्परागत पूजा , सांस्कृतिका कार्यक्रम र नृत्य संगीतद्वारा खुशीयाली व्यक्त गरिन्छ। विशेष गरी पहाड़ ,तराई र डुर्वसका राई समुदायले वर्ष नै उँभोली र उँदौली पर्व पालन गर्दछन्। यो एउटा पवित्र धार्मिक उत्सव हो। यो उत्सव प्रकृति प्रति श्रदा , प्रकितिप्रति कृतज्ञता, , प्रकृतिका संरक्षण तथा संवर्धन प्रति जनचेतना जागृत गराउने पर्व हो। यस उत्सवमा विशेश गरी सिली नृत्य गरिन्छ तथा राई समाजको महान संस्कृति, परम्परा, रितीरिवाजको सम्झना गर्दै त्यसको झलकहरू प्रदर्शित गरिन्छ। यसमा केही परम्परागत महत्वका कलाकृतिहरूको पनि प्रदर्शनी गरिन्छ।

****** ० ******

**गोरखे हाट**

प्रधानमंत्री नरेन्द्र मोदीद्वाररा आहुत भोकल फर लोकल अभियान भारतमा वर्ष २०२३को दिवाली पूर्व शुरू गरियो।भोकल फर लोकल प्रधानमंत्रीको यो नारा आज देशका विभिन्न भागहरूमा एक प्रबल अभियानको रूपमा अग्रसर बनिरहेछ। यस अभियानलाई जिल्ला अनि महकुमा स्तरसम्म पुर्‍याउन ई- मार्केटिंग अर्थात स्थानीय बजारहरूलाई प्रोत्साहन दिन जिल्ला शासक तथा महकुमा शासकहरूसंग विशेष आग्रह गरिएको थियो । जसको परिणाम स्वरूप दार्जीलिङ पाहाड़ी क्षेत्रमा पनि सकारात्मक पहलको रूपमा 'गोर्खे हाट' फस्टाईरहेछ। पछिल्लो वर्ष १८ मार्चमा हरेक सप्तह

बिहिबार कालबुङ गोर्खे हाट संचालन गरिएको थियो भने यसै वर्षदेखि प्रत्येक आइतबार खरसांग र सिलगड़ीमा गोर्खो हाट लाग्दैछन्। यसरी विभिन्न ठाउँहरहरूमा गोर्खो हाट अस्तित्वमा आएसंगै यो अभियान तीव्रता सित लोकप्रिय भइरहेछ।

****** o ******

## पुलबाजार बुद्ध जयन्ती

दार्जिलिङ पुलबजार खण्डको गोक दुई ग्राम स्थिति एतिहासिक कर्म पेलिङ गुम्बा अप्पर नेजीमा २ हजार ५ सय ६८ औ बुद्ध जयन्ती विविध कार्यक्रमसगै भव्यताको साथमा पालन गरिने आयोजक समितिले एक पत्रकार सम्मेलन गर्दै जनाएको छ। पाँच दिवसीय धार्मिक अनुष्टान आगामी 19 मईदेखि शुरु भएर बुद्ध जयन्तीको दिन बृहत शोभायात्रासगै वाङ वितरणपाची समापन हुने बताइएको छ ।

****** o ******

## मिरिक- घर क्षतिग्रस्त

मिरिकको पहिला गाउँ स्कुल डाँडा ग्राम पन्चायत दुईको जिम्बा गाँउमा रूख ढलेर भीममाया विश्वकर्माको घर क्षतिग्रस्त भएको छ। घटनामा कुनै मानवीय क्षति भने भएको छैन ए घटनापछि स्थानीय पन्चायत सदस्य सोनिया तामाङ अनि पन्चायत प्रधान जयन्ती सुब्बाले पिडित परिवारलाई आवश्यक सहयोग प्रदान गर्ने आश्वसन दिएका छन् ।

****** o ******

## पेम्बा रिम्पोर्छे - सहयोग

खरसाङको सामी लाखाङ गुम्बाका बौध्द धर्म गुरु पेम्बा रिम्पोर्छेले सिलगढीको फूलबारी दुई नम्बर ग्राम पञ्चायतको पश्चिमी धनतला निवासी जितेन छेत्रीको उपचारको लागि मासिक रूपमा एक हजार गरेर आर्थिक सहयोग प्रदान गर्ने वचन दिनु भएको छ । उहाले आज बिरामी जितेन छेत्रीको निवासमा पुगेर उनको उपचारको लागि केही आर्थिक सहयोगसहित चाहिने खाद्यान्न सामाग्रीहरू पनि प्रदान गर्नु भयो ।

****** o ******

## स्काउट एण्ड गाइड

हिन्दुस्थान स्काउट एण्ड गाइडको केन्द्रिय समितिको सभा कोलकाताको एक निजी होटेलमा सप्पन्न गरिएको छ। भारत स्काउट एण्ड गाइड चीफ कमिसनर तथा गुजरात राज्यको पुर्व डीजीपी अनिल प्रथम, महासचिव नरेश शर्मा, राज्य महासचिव सुमन मण्डल लगायत दार्जिलिङलाई प्रतिनिधित्व गर्दै पुगेका राज्य चीफ कमिसनर डा.डेबिट राई प्रमुख रूपमा उपस्थित थिए ए सभामा कसरी स्काउट एण्ड गाइडलाई देशव्यापी रूपमा पुर्याउन सकिन्छ भन्नेबारेमा चर्चा परिचर्चा गरिएको थियो।

****** o ******

## मिस पिंक

यस वर्ष थाइल्याण्डमा हुने मिस इन्टरनेशनल क्वीन २०२४ प्रतियोगितामा नेपालको प्रतिनिधित्व गर्ने १८ ट्रान्सवुमन प्रतियोगीहरूमध्ये मिस पिंक नेपाल २०२४ छनोट गरिएको छ । काठमाडौंमा आयोजित एक कार्यक्रममा अनमोल राई मिस पिंक नेपाल २०२४ ट्रान्सवुमन विजेता बनिन् भने सरोसी न्यौपाने प्रथम उप विजेता अनि आरोही बस्नेत दोस्रो उप विजेता बन्न सफल भइन् ए कार्यक्रममा नेपालको समृद्ध सांस्कृतिक सम्पदालाई झल्काउने सांस्कृतिक प्रस्तुतिहरू गरिएको थियो ए डायमण्ड सोसाइटी नेपालले आयोजना गरेको उक्त कार्यक्रमले स्ळठज्फ समुदाय र वर्तमान समाजमा उनीहरुको संघर्षका बारेमा चेतना जगाउने उद्देश्य राखेको थियो । उल्लेखनीय छ, नेपाल समलिङ्गी विवाहलाई अनुमति दिने दक्षिण एसियाकै पहिलो देश बनेको छ ए

****** o ******

## बंगलादेश घर वापसी

बंगलादेशको सत्तारुढ अवगामी लिगले प्रधानमन्त्री शेख हसिनाको 44औ 'घर वापसी' दिवस मनाइ रहेको छ ए स्मरण रहोस ,15 अगस्त 1975 को दिन उहाका पिता बंगबधु शेख मुजिबुर रहमान अनि उनको परिवारको अधिकांश सदस्यहरुको हत्या भएको थियो ए त्यस्पचात भारतमा लामो समयसम्म निर्वासनपछि 17 मई 1981 मा बंगलादेशकी वर्तमान प्रधानमन्त्री शेख हसिना स्वदेश फर्किनु भएको थियो

****** o ******